Received Date: Dec. 2024 Revised: Feb. 2025 Accepted: Jan.2025

# रातो आकाश उपन्यासमा युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको प्रतिविम्बन


**शारदादेवी लामिछाने**
उपप्राध्यापक, नेपाली विभाग
पाटन संयुक्त क्याम्पस
sharadalamicchane30@gmail.com
DOI: 10.3126/hj.v16i1.76382

**सार**

*प्रस्तुत लेख घनश्याम ढकालको रातो आकाश उपन्यासमा युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको प्रतिविम्ब के कसरी गरिएको छ त्यसको अनुसन्धानमा आधारित छ । यो उपन्यास महान् जनयुद्धको ऐतिहासिक एवम् सामाजिक परिवेशमा आधारित रहेको छ । महान् जनयुद्धद्वारा उद्घाटित गतिशीललाई कलात्मक रूपमा पुनः सिर्जत तथा प्रारुपित गर्ने उद्देश्यबाट लेखिएको छ । नेपाली समाजको वर्गीय विभेदका विरुद्धमा जनताले गरेको सङ्घर्ष र बलिदान, महिला मुक्तिको आवाज राष्ट्रियताको भावना तथा सामाजिक, राजनीतिक विकृति र विसङ्गतिको प्रतिविम्बन रातो आकाश उपन्यासमा पाइन्छ । मार्क्सवादी दर्शनबाट प्रभावित ढकाल प्रगतिवादी साहित्यिक मान्यताअनुसार वर्गीय विभेदले सिर्जना गरेको युगीन वर्ग सङ्घर्षको उद्घाटन गर्नमा केन्द्रित भएको देखिन्छ। प्रस्तुत उपन्यासमा सङ्लग्न पात्रले अत्यन्तै सक्रिय, ओजपूर्ण र क्रान्तिकारी भूमिका निर्वाह गरेका छन् । त्याग र बलिदानको उत्कृष्ट नमुना प्रदर्शन गरेका छन् भन्ने कुरा यस अध्ययनबाट उद्घाटित हुन्छ । उपन्यासमा गतिशील यथार्थको बिचबाट निम्न वर्गप्रति सामन्त वर्गको अन्याय, अत्याचार र शोषण विरुद्धको विद्रोह चेतना, सामन्तवादी राज्य व्यवस्थाको निरङ्कुशताको चित्रण, महिलामुक्तिका पक्षमा उठाइएको आवज, नयाँ जनवादी संस्कृतिको पक्षधरता, साम्राज्यवादको विरोध र राष्ट्रियताको उद्बोधन कसरी प्रकट भएको छ भन्ने कुराको खोजी गर्ने यस अध्ययनको उद्देश्य रहेको छ । यस उद्देश्य पूर्तिका निम्ति उपन्यासमा अभिव्यक्त वर्ग सङ्घर्ष र गतिशील यथार्थको व्याख्या विश्लेषण गर्न सोद्देश्यमूलक ढङ्गले सामग्रीको सङ्कलन गरी मार्क्सवादी सौन्दर्यचिन्तन अनुरूप सङ्कलित सामग्रीको विश्लेषण गरिएकाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । समाजमा भएका वर्ग विभेदले नै वर्ग सङ्घर्ष जन्मने र वर्ग सङ्घर्षको सही विश्लेषणले मात्र उत्पीडित वर्गको मुक्तिको यात्रा तय हुनसक्ने निष्कर्ष रातो आकाश उपन्यसको अध्ययनबाट प्राप्त भएको छ ।*

*शब्दकुञ्जी* : अधिरचना, उत्पादनका साधन, गतिशील यथार्थ, युगीन वर्ग सङ्घर्ष, वर्गीय पक्षधरता ।

नेपाली प्रगतिवादी साहित्यको इतिहासमा घनश्याम ढकाल (वि.सं.२०१०) को विशिष्ट स्थान रहेको छ । आधुनिक नेपाली साहित्यका विविध विधामा उनका सिर्जना छन् । उपन्यास विधा उनको




सबैभन्दा उर्वर देखिन्छ । ढकालले प्रगतिवादी साहित्यको क्षेत्रमा मात्र होइन नेपाली कम्युनिस्ट आन्दोलन र सांस्कृतिक आन्दोलनको क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । साहित्य र राजनीति दुवैमा सक्रिय ढकाल प्रगतिवादी चिन्तनबाट प्रभावित छन् । उनले कथा, कविता, निबन्ध, उपन्यास र समालोचना जस्ता विविध विधामा निरन्तर सिर्जना गरेर आफ्नो सिर्जनशील व्यक्तित्वको परिचय दिएका छन् । उपन्यासका क्षेत्रमा प्रारम्भिक कालदेखि नै ढकाललाई मार्क्सवादी उपन्यासकारको रूपमा चिनिन्छ । हालसम्म उनका गाउँभित्र (वि.सं.२०४७) र *रातो आकाश* (वि.सं.२०६०) गरी दुई वटा उपन्यास प्रकाशित छन् । *रातो आकाश* (वि.सं.२०६०) उपन्यास ऐतिहासिक विषयको एक विशिष्ट कृति हो । यो नेपाली समाज र परिवेशको युगीन वर्ग सङ्घर्षको यथार्थलाई प्रतिविम्ब गर्न सफल उपन्यासका रूपमा देखिएको छ । यस उपन्यासमा वर्गीय पक्षधरता तथा प्रगतिवादी विचारधारालाई वर्ग सङ्घर्षको रूपमा प्रस्तुत गरिएको छ । सामन्तवाद, साम्राज्यवाद र उपनिवेशवादको विरोध र नेपाली जनताले उठाएको जनयुद्धको विषयलाई निकै उत्कृष्ट ढङ्गले उद्घाटित यस उपन्यासमा वि.सं.२०४६ सालपूर्वको निर्दलीय पञ्चायती व्यवस्था र वि.सं.२०४६ सालपछि बहुदलीय प्रजातन्त्रका नाममा जनतामाथि शासन व्यवस्थाले गरेको अन्याय, अत्याचार र दमनको वास्तविक चित्र उतारिएको छ । उपन्यासले प्रतिविम्बन गरेको युगीन जन सङ्घर्षका रूपमा सामन्तवादी तथा पुँजीवादी संस्कृतिको विरोध र नयाँ जनवादी संस्कृतिको पक्षधरता, सामन्तवादी राज्य व्यवस्थाका विरुद्धमा जनताले गरेको सङ्घर्ष जस्ता पक्ष रहेका छन् । यस उपन्यासले जातीय तथा महिला मुक्तिको पक्षमा उठाएको आवाज, अन्याय, अत्याचार र शोषणका विरुद्ध सशक्त प्रतिरोध जस्ता विषय उद्घाटन गरेर तत्कालीन राज्य आतङ्कको तथा नेपाली जनतामा जाग्दै गरेको विद्रोह चेतनाको चित्रण गरेको पाइन्छ । यसैले *रातो आकाश* उपन्यासमा युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको प्रतिविम्बन भएको देखिन्छ । *रातो आकाश* उपन्यासमा युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको प्रतिविम्बन के कसरी भएको छ भन्ने जिज्ञासा नै यस अध्ययनको मुख्य प्राज्ञिक समस्या हो भने उनका उपन्यासमा युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको प्राज्ञिक ढङ्गले निरूपण गर्नु नै प्रस्तुत अध्ययनको उद्देश्य हो ।

*रातो आकाश* उपन्यासका बारेमा विविध पक्षबाट अध्ययन अनुसन्धान हुनुका साथै शोधकार्य पनि भएको पाइन्छ । यति हुँदाहुँदै पनि प्रगतिवादी साहित्यिक मान्यताका आधारमा *रातो आकाश* उपन्यासमा अन्तर्निहित युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थबारे गहन अध्ययन विश्लेषण हुन सकेको छैन। यही रिक्तता परिपूर्तिका लागि गरिएको यस अध्ययनबाट *रातो आकाश* उपन्यासमा अन्तर्निहित युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको जानाकारी प्राप्त गर्न चाहने जिज्ञासु पाठक र अध्येताहरू लाभान्वित हुन हुन्छ । यस प्रकार प्रस्तुत लेख यही *रातो आकाश* उपन्यासमा युगीन वर्ग सङ्घर्ष र गतिशील यथार्थको प्रतिविम्ब कसरी गरिएको छ भन्ने समस्याको समाधानमा केन्द्रित छ ।

## विधि

प्रस्तुत लेखका निम्ति अध्ययन समस्यासँग सम्बन्धित आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । ढकालको *रातो आकाश* उपन्यास प्राथमिक स्रोत सामग्रीको रूपमा प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीको रूपमा वर्ग सङ्घर्षसम्बन्धी सैद्धान्तिक अवधारणा र विश्लेषणका लागि आवश्यक पर्याधार तथा अर्थापन ढाँचा निर्धारणका लागि विभिन्न अध्येताद्वारा गरिएका पूर्वकार्यलाई उपयोगमा ल्याइएको छ । मार्क्सवादी मान्यतामा स्थापित वर्ग सङ्घर्षसम्बन्धी सिद्धान्तलाई यस लेखको सामग्री विश्लेषणको सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

आधुनिक मानव समाज निर्माणमा वर्ग सङ्घर्षको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जब मानिस समूहमा बस्न थाल्यो, विस्तारै परिवार, समाज र राज्यको पनि निर्माण हुन थाल्यो । यससँगै समाजमा वर्गीय भेदहरू देखा पर्न थाले । वर्ग वर्गबिचको स्वार्थका कारण द्वन्द्वको स्थिति पैदा हुन थाल्यो । आजसम्म मानव समाजको इतिहास वर्ग सङ्घर्षको इतिहास हो (मार्क्स–एङ्गेल्स, ई.१९७८) भन्ने कुरा व्यक्त गरिएको पाइन्छ । उत्पादनका साधन र उत्पादित वस्तु आफ्नो हातमा कब्जा गर्ने सामन्त तथा पुँजीवादी वर्ग र श्रम गरेर उत्पादन गर्ने श्रमजीवी तथा सर्वहारा वर्गबिच अन्तर्विरोध, सङ्घर्ष र सापेक्षित एकताको प्रक्रियाले समाजको स्वरूप निर्धारण भएको देखिन्छ । साम्यवादी व्यवस्था स्थापित नहुँदासम्म समाजको यो वर्गीय स्वरूपको अन्त्य सम्भव नहुने मार्क्सवादको धारणा रहेको छ । (मार्क्स–एङ्गेल्स, ई.१९७८) आदिम कालदेखि मानव जीवनको आधारभूत विशेषताका रूपमा उत्पादनका साधन र उत्पादनमाथिको स्वामित्व कायम गर्ने सङ्घर्ष नै प्रमुख भएर आएको पाइन्छ । उत्पादनका साधनमाथिको स्वामित्वले जुन प्रकारको उत्पादन सम्बन्धको निर्माण गर्छ, त्यसले समाजको आधारको निर्माण गर्छ । कला साहित्य (अधिरचना) पनि आधार संरचनाका सापेक्षतामा निर्माण हुने गर्छन् । यस सम्बन्धमा मार्क्सवादी सौन्दर्यशास्त्रमा समाजको मूल आधारले बाह्य ढाँचा वा अधिरचनालाई प्रभावित पार्ने भए पनि कहिलेकाहीँ यिनीहरू आर्थिक मूल आधारलाई प्रभावित पार्ने तहसम्म पुग्न सक्छन् भन्ने कुरा उल्लेख गरिएको छ (रोहिताश्व, ई.१९९१)। कला साहित्यको अस्तित्वको मूल आधार सामाजिक उत्पादन सम्बन्धसँग जोडिएको हुन्छ । उत्पादन प्रणालीमा आधारित परस्पर विरोधी दुई वर्गबिच हुने सङ्घर्षमा सामाजिक संरचनाको मूल आधारमा आश्रित अधिरचना विचारधारात्मक पक्षहरूले आ-आफ्नो वर्ग स्वार्थ अनुरूप वर्गीय सङ्घर्षमा प्रत्यक्ष अप्रत्यक्ष रूपले भाग लिन्छन्। साहित्य पनि सामाजि (आधार) कै अधिरचना भएकोले सामाजिक जनजीवन अनुरूप नै हुन्छ।

समाजिक व्यवस्था वर्गीय स्वरूपको भएपछि कला साहित्यका प्रवृत्ति र चरित्र पनि वर्गीय स्वरूपकै हुन्छन् । समाजमा वर्गीय स्थिति देखापरेपछि आदिम समाजमा रहेको सामूहिक भावना पनि वर्गीय भावनामा विभाजित हुन पुग्यो। अधिरचनाको रूपमा रहेको कला साहित्य जस्ता रचनाहरूबाट पनि सामूहिक भावना अलग्गिएर वर्गीय भावनाको रूपमा विकसित भयो (कड्वेल, ई.१९९०)। यस भनाइबाट वर्गयुक्त समाजको कला साहित्य पनि वर्गीय नै हुन्छ भन्ने कुरा पुष्टि गरेको छ । समाजमा प्रभुत्व रहने वर्गले नै कला साहित्यलाई आफ्नो वर्गहितका लागि प्रस्तुत गरेको हुन्छ । कलाकार तथा साहित्यकारले पनि आ-आफ्नो वर्गदृष्टि आफ्ना रचनामा प्रकट गरेका हुन्छन् । त्यस कारण साहित्यमा व्यक्त विचारहरू वर्गीय हुन्छन् । सामन्तवादी विचारलाई अँगाल्ने साहित्यकारले लेखेका साहित्यमा त्यही विचारको पक्षपोषण गरिएको हुन्छ भने सर्वहारावादी विचारलाई अँगाल्ने साहित्यकारले लेखेका साहित्यमा

सर्वहारावादी विचारको पक्षपोषण गरिएको हुन्छ । यसको अर्थ साहित्य लेखनमा लेखकको वर्गीय पक्षधरता स्पष्ट रहन्छ । यस सन्दर्भमा लेनिनले क्रान्तिकारी लक्ष्यसँग प्रतिबद्ध प्रतिभाशाली लेखकले एकातिर सर्वहारा वर्गको सामान्य लक्ष्यका अभिन्न अङ्ग भई राजनैतिक रूपमा जनवादी यन्त्रका पेची र किला हुनुपर्ने विचार व्यक्त गरेका छन् (लेनिन, ई.१९८४) । लेखकको वर्गीय चेतना अनुरूप नै साहित्यको अन्तर्वस्तुको पनि निर्माण हुने भएकाले मार्क्सवादी साहित्य सिद्धान्तमा लेखकको वर्गीय पक्षधरता महत्त्वपूर्ण हुन्छ ।

युनानको कला साहित्य गोष्ठीको भाषणमा माओत्सेतुङले प्रगतिवाद सर्वहारा वर्गप्रति प्रतिवद्ध हुने तथा वर्गीय समाज र विदेशी हस्तक्षेप कालका कृतिहरूमा लेखनको प्रमुख पक्ष राजनीतिक विषय नै हुने तथ्यलाई अघि सार्दै भन्छन्– कम्युनिस्ट पार्टीका सदस्यहरूको दृष्टिविन्दु पार्टीको भावनामा कायम हुनुपर्छ। राम्रो दृष्टिविन्दुबाट नै कुनै ठोस मानिसको ठोस पक्षको जन्म हुन्छ। जापान विरोधी युद्धमा यस्तै खालका कृतिहरू लेखिए। वर्गीय समाजमा राजनीतिक मापदण्ड प्रमुख र कलात्मक मापदण्ड गौण हुन्छ ( माओत्सेतुङ, ई.१९७५)। यस अभिव्यक्तिले साहित्यकारमा इतिहास चेतना हुनुपर्ने र ऐतिहासिक परिवेशमा राम्रो ठहरिएका कार्यहरूको प्रशंसा गर्दै जनपक्षधरताको कलात्मक सीप प्रस्तुत गर्नुपर्ने कुरामा जोड दिइएको देखिन्छ । लेखक, कलाकारले आफ्नो कार्य क्षेत्रमा राष्ट्रिय दृष्टिकोण बनाउनु पर्ने सन्दर्भमा लेनिनको विचार यस्तो छ– वर्गचेत भएका रुसी सर्वहाराका निमित्त राष्ट्रिय गौरवको भावना, बिरानो नभएको, आफ्नो भाषा, देश र श्रमशील जनताप्रति उनीहरूमा प्रेम रहेको र उनीहरूलाई जनवादी समाजवादी चेतना वा स्तरसम्म पुऱ्याउनका निम्ति धेरै प्रयास गरिनु पर्दछ (लेनिन, ई.१९४७) । यसरी लेनिनले कलाकारहरूले वर्गीय चेतना निर्माण गर्न महत्त्वपूर्ण भूमिका निभाउनु पर्ने विचार व्यक्त गरेका छन् । वर्गसमाजमा बाँचेका लेखकहरूले आ-आफ्नो वर्गीय विचार पोख्नु स्वभाविकै हो । तर बहुसङ्ख्यक जनताले भोग्नुपरेका शोषण, अन्याय, अत्याचारको विरोधमा र न्याय, मुक्ति तथा समानताको पक्षमा आवाज उठाउनु आवश्यक हुन्छ (बराल, वि.सं.२०४०) । प्रगतिवादी कला साहित्यका स्रष्टा तथा पात्र दुवैमा वर्गीय भावना हुन आवश्यक ठानिन्छ । यसै आधारमा प्रगतिवादी साहित्य सिद्धान्तले सर्वहारा वर्गको पक्षपोषण गर्दै समाजमा भएका आर्थिक, सामाजिक, साँस्कृतिक विभेदको विरोध गर्न सक्छ र समतामूलक समाज निर्माणका लागि सङ्घर्षमा सहभागी हुन उत्प्रेरित गर्ने देखिन्छ।

पुँजीपति र सर्वहारा वर्ग बिचको निरन्तर सङ्घर्ष र त्यसले निर्माण गरेको गतिशील यथार्थ प्रगतिवादी कला साहित्यमा उत्कृष्ट रूपमा उतारिएको हुन्छ । नेपाली प्रगतिवादी साहित्यले सामन्तवादी तथा साम्राज्यवादी उत्पीडनका विरुद्धको नेपाली जनताले गरेको सङ्घर्षलाई आफ्नो आलम्बनगत आधार बनाएको हुन्छ र त्यसकै गतिशील यथार्थलाई अभिव्यक्त गरेको देखिन्छ । संसारका हरेक कुरा गतिशील हुन्छन् । समाज पनि गतिशील छ । समाजको त्यो गतिशीलताको आधार वर्ग सङ्घर्ष हो । वर्ग सङ्घर्षको परिणाम स्वरूप नयाँ यथार्थको निर्माण हुन्छ । दास युगीन समाज पछि सामन्तवादी समाजको स्थापना नयाँ र गतिशील यथार्थको रूपमा विकसित भएको हो भने सामन्तवादी समाज पछि पुँजीवादी समाजको स्थापना नयाँ र गतिशील यथार्थको रूपमा विकास भएको हो । आजको पुँजीवादी युगमा समाजवादी जीवन पद्धति नयाँ र गतिशील यथार्थका रूपमा देखिन्छ । त्यसको आधार भनेको वर्ग सङ्घर्ष हो । वर्ग सङ्घर्ष एउटा वर्गको शोषण अन्याय र अत्याचारको अन्त्य गरी उत्पादनका साधन र स्रोतमा अर्को वर्गको सहज पहुँच बढाउने राजनीतिक र वैचारिक आन्दोलन हो (शर्मा, वि.सं.२०७४) । त्यही आधारमा नयाँ र गतिशील यथार्थ निर्माण हुन्छन् । बिना सङ्घर्ष नयाँ यथार्थको निर्माण हुन सक्दैन । प्रत्येक कालखण्डका सिर्जनामा आफ्नो समयको वर्ग सङ्घर्षको अभिव्यक्ति हुने गर्छ । अभिव्यक्तिको पद्धति भिन्न

भिन्न कालखण्डका रचनामा भिन्न किसिमले भएको देखिन्छ । त्यसो हुनु स्वाभाविक पनि मानिन्छ । यो समकालको सङ्घर्षलाई युगीन वर्ग सङ्घर्ष पनि भन्न सकिन्छ । प्रगतिवादी साहित्यको मूल्याङ्कन गर्दा खास गरी साहित्यमा चित्रित कालको वर्ग सङ्घर्षको अभिव्यक्ति कसरी भएको छ भन्ने प्रश्न महत्त्वपूर्ण भएर आउने गर्छ । नेपाली जनयुद्धको ऐतिहासिक औपन्यासिक दस्तावेजको रूपमा रहेको यो उपन्यास वर्गद्वन्द्वको स्पष्ट तस्विर प्रस्तुत गर्ने कृति हो ।

नेपाली समाजको वर्ग सङ्घर्ष भनेको सामन्तवादी उत्पादन सम्बन्धका विरुद्ध समाजवादी उत्पादन सम्बन्धको निर्माण गर्न सर्वहारा, किसान लगायत सम्पूर्ण उत्पीडित वर्ग तथा समुदायले लडिरहेको सङ्घर्ष हो । प्रगतिवादी उपन्यासमा पनि पात्रमा रहेको वर्गीय भावनालाई महत्त्वपूर्ण मानिन्छ । उपन्यासका लेखक कुन वर्गका छन् र उनले निर्माण गरेका उपन्यासका पात्रको वर्गीय धारणा कस्तो छ भन्ने कुराले महत्त्वपूर्ण स्थान लिन्छ । पात्रमा वर्गीय पक्षधरता भएमा उनीहरू अन्याय, अत्याचार र शोषणका विरुद्धमा सङ्घर्ष गर्छन् । लेखकमा वर्गीय पक्षधरता भएमा सशक्त वर्गीय भावना भएका पात्रको सिर्जना गरेका हुन्छन् । प्रगतिवादी उपन्यासको विश्लेषणमा यी दुवै तहमा वर्गीय पक्षधरता खोजिन्छ । घनश्याम ढकालद्वारा रचित *रातो आकाश* उपन्यासले महान जनयुद्धद्वारा उद्घाटित भीषण वर्ग सङ्घर्षको नयाँ यथार्थलाई कलात्मक रूपमा अभिव्यक्त गरेको देखिन्छ । यो मार्क्सवादी सौन्दर्यचिन्ताद्वारा निर्देशित समाजवादी यथार्थवादमा आधारित एक उत्कृष्ट उपन्यास हो (किरण, वि.सं.२०७७) । प्रस्तुत लेखमा उपन्यासमा युगीन वर्ग सङ्घर्ष र त्यसले निर्माण गरेको गतिशील यथार्थको प्रतिविम्ब गर्दा वर्ग सङ्घर्षको चित्रण, राज्य आतङ्कको चित्रण, महिलामुक्तिको पक्षमा आवाज नयाँ जनवादी संस्कृतिको पक्षधरता, साम्राज्यवादको विरोध र राष्ट्रियताको उद्‌बोधन जस्ता प्रतिमानलाई आधार बनाई मार्क्सवादी कला साहित्यसम्बन्धी चिन्तन पद्धतिमा आधारित प्रगतिवादको सैद्धान्तिक मान्यतालाई अवलम्बन गरिएको छ।

## वर्ग सङ्घर्षको चित्रण

*रातो आकाश* (वि.सं.२०६०) उपन्यासमा सामन्तवादी चिन्तन र चरित्रप्रति तीव्र आक्रोश व्यक्त गरिनुका साथै किसान, मजदुर र ग्रामीण गरीब जनतालाई फगत उत्पीडित मात्र होइन, सङ्घषशील शक्तिका रूपमा चित्रण गरिएको छ । यसमा माओवादी जनयुद्धलाई कलात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ । उपन्यासमा वर्ग सङ्घर्ष कसरी प्रकट भएको छ त्यसको निरूपण गर्नु यस अध्यायको उद्देश्य हो । *रातो आकाश* उपन्यासको विचारधारात्मक स्थितिबारे विवेचना गर्दै रमेश भट्टराईले भनेका छन्- रातो आकाश नेपाली समाज र इतिहासको एउटा कालखण्डको विचारधारात्मक वर्गयुद्धलाई सशक्त रूपमा चित्रण गर्न सक्षम उपन्यास हो । यो उपन्यास मार्क्सवादी विचारधाराको केन्द्रविन्दुमा रही तयार पारिएको उपन्यास हो (भट्टराई, वि.सं.२०६४) । उपन्यासमा अविरल, गगन, इमान, जस्ता अनुकूल पात्र मार्फत क्रान्तिलाई अघि बढाइएको छ । उनीहरूका क्रियाकलाप र संवाद मार्फत जनयुद्धबाट सिर्जित नयाँ यथार्थको प्रतिविम्ब गरिएको छ । क्रान्तिकारीका विरुद्ध षडयन्त्र र सुराकी गर्ने मणिकान्त र योगेन्द्र जस्ता प्रतिकूल पात्रहरूको प्रवृत्तिलाई पनि उपन्यासले प्रस्तुत गरेको छ । समाजमा रहेका वर्गीय शोषण अन्त्यका लागि वर्ग सङ्घर्षको उच्चतम रूप जनयुद्ध हो भन्ने मान्यतालाई स्पष्ट पार्दै उपन्यासको प्रकाशकीयमा लेखिएको छ–

> नेपाली इतिहासमा पहिलो पटक जनता आफ्नो मुक्ति र युगीन परिवर्तनको लागि शासकहरूका विरुद्ध शस्त्रबलको प्रयोगका साथ वर्ग द्वन्द्वमा सामेल भएको छ । युगौंदेखिका अत्याचारका पहाड ढलाउन, अन्यायका साङ्ला चुँडाल्न र आफूमाथि गरिएको ज्यादतीको प्रतिशोध लिन जनताले

इतिहासको अभिभारालाई पूरा गर्दै प्रतिरोधमा उत्रनु आफैमा गौरवको विषय हो (ढकाल, वि.सं.२०६०) ।

उपन्यासमा गरिएको सङ्घर्ष अधिकार प्राप्तिको लागि हो र मानवीयताका पक्षमा हो । उपन्यासकी नायिकाले आफूहरूद्वारा गरिएको सङ्घर्षको उद्देश्य बताउँदै भन्छे- आफ्नो सत्ता र सम्पत्ति रक्षा गर्न सामन्ती र पुँजीपतिहरूले जो सुकैलाई पनि मार्न सक्छन् र जेल हाल्न सक्छन् । यसैका लागि उनीहरूले अनगिन्ती मानिसहरू मार्दै आएका छन् र यही हत्या श्रृङ्खलालाई अधिकारको रूपमा स्थापित गर्दै आएका छन् । प्रतिरोधद्वारा हामी उनीहरूको यो अपराध रोक्न चाहान्छौँ (ढकाल, वि.सं.२०६०) । यसरी सम्पूर्ण उत्पीडनबाट मुक्ति पाउँन समग्र शोषित पीडित जनताले गरेको सङ्घषलाई उपन्यासले चित्रण गरेको छ । सङ्घर्षलाई भौतिक लडाइँको रूपमा मात्र नहेरी विचार वा राजनीति लडाइँको रूपमा हेरिएको हुन्छ भन्ने दृष्टिकोणलाई पनि यस उपन्यासले प्रस्तुत गरेको छ ।

माओवादी जनयुद्ध नेपाली समाजको वर्ग सङ्घर्षको युगीन यथार्थ हो । यसै सन्दर्भमा प्रकाशकीयमा लेखिएको छ– फटाहा, शोषक, सामन्त अपराधीहरूका तीन सय वर्षदेखिका किल्लाहरू हल्लिएका र भत्किएका छन् र सिङ्गो देशका जनवस्तीहरूमा अपूर्व परिवर्तनकामी चेतनाको विकास भएको छ । एउटा नयाँ युगको खोजी सुरु भएको छ । जसले नेपाली साहित्यमा नयाँ यथार्थको सिर्जना गरेको छ । त्यही नयाँ यथार्थ हो प्रस्तुत उपन्यास (ढकाल, वि.सं.२०६०) । उपन्यासमा जनयुद्धमा जनताको उत्साहजनक सहभागिता, बलिदानका जगमा नयाँ जीवन मूल्यको स्थापना, आतङ्कमा आनन्दको अनुभूति, जनताको स्थानीय सत्ताको निर्माण नयाँ यथार्थका परिसूचक हुन् भने राज्य आतङ्कको शृङ्खला पनि यसकै अर्को पाटोका रूपमा विकसित भएको छ । यथार्थका यी दुवै पक्षलाई उपन्यासले प्रस्तुत गरेको छ । यसैले युगीन वर्ग सङ्घर्षद्वारा स्थापित गतिशील यथार्थलाई कलात्मक रूपमा प्रतिविम्ब गर्न उपन्यास सक्षम भएको देखिन्छ ।

## राज्यको निरङ्कुश प्रवृत्तिको चित्रण

जनयुद्धको समयमा कसरी सोझा साझा जनतालाई माओवादीको आरोप लगाएर यातना दिनुका साथै हत्या गरिन्थ्यो भन्ने यथार्थ *रातो आकाश* उपन्यासमा अभिव्यक्त गरिएको छ । प्रहरी प्रशासनको दमनलाई उपन्यासले यथार्थपरक ढङ्गले प्रस्तुत गरेको छ । गाउँमा पुलिस प्रशासनले खानतलासी गर्दै अविरलकी आमा आरती र बैनी अनुपालाई दुःख दिइरहन्थ्यो । तेरो छोरो अविरल कहाँ छ, उसका साथी को को हुन्, तेरो छोरालाई हामी मारिदिन्छौँ, तँलाई पनि मारिदिन्छौँ आदि कुरा गरेर निकै मानसिक यातना दिने गरेको थियो भन्ने कुरा आरतीको यस अभिव्यक्तिबाट बुझिन्छ– के भन्नु नि । ठाडै माछौँ गोली हान्छौँ भन्ने मान्छेलाई ? हाम्रा घर इष्टमित्र र गाउँघरका छरछिमेकीबाहेक कोही पनि आउँदैनन् र अविरलका सँगीसाथी कोही पनि चिन्दिन भनिदिएँ (शर्मा, वि.सं.२०७४) । यसरी आरतीले जनयुद्धमा हिँडेको युवाहरूलाई पुलिस प्रशासनबाट जोगाउने काम गरेकी थिई । गाउँका सामान्य महिलाले पनि जनयुद्ध केका लागि गरिँदै छ, त्यसको उद्देश्य के हो भन्ने कुरामा चेतनशील थिए । पुलिस प्रशासनले गाउँलाई यतिसम्म आतङ्कित बनाएर राखेको थियो कि गाउँका कुनै पनि चेलीबेटी पुलिससँगको लराभाति र तानातानमा परेका थिए भन्ने कुरा यस सन्दर्भबाट बुझिन्छ–

> ऊसँगै अनुपा, मिथिला र आरती थिए । यी सबैले पुलिससँगको लराभाँती, तानातान, र हातपात सम्झिरहेका थिए । अव्यक्त वेदनाले छाती अठ्यनइरहेको थियो । घृणा र आक्रोशले तिनका हृदयभित्र भूकम्प मच्चाउँदै थियो । अत्याचारीहरूलाई यति घृणा यसभन्दा अगाडि कहिल्यै गरेका थिएनन् । पुलिसलाई अगाडि देख्नेबित्तिकै लुछुँलाझैँ गरी सुमित्राले दाँत बजाइरहेकी थिई । अनि

मुठी उचालेर मनभित्रका गुम्फित आक्रोश र भावनालाई विष्फोट गर्दै जुलुसमा मिसाएकी थिई ( शर्मा, वि.सं.२०७४) ।

यस भनाईबाट जनयुद्धको समयमा गाउँमा सामन्तवादी सत्ताको दमन र धरपकड बढेको थियो र यसका विरुद्धको विद्रोह चेतना पनि उत्कर्षमा पुगेको थियो भन्ने कुरा स्पष्ट हुन्छ । स्कुलमा आएका प्रहरीले माओवादीले कार्यक्रम गरेको आरोपमा सुन्दरको निर्ममतापूर्वक हत्या गर्छन् । यसका साथै पाहुना हुन गएका मानिस पनि प्रहरीका गोलीबाट मारिन्छन् । बास बसेका भरियालाई प्रहरीद्वारा गोली हानी हत्या गरिन्छ । गाउँका मानिसलाई माओवादीलाई खाना ख्वाएको आरोपमा यातना दिइन्छ । गगनका भाइ र बहिनीलाई अनाहकमा हत्या गरिन्छ । घरमा आगो लगाएर आरतीलाई जलाएर मारिन्छ । आरतीलाई लिन आएकी निशस्त्र महिलालाई अनाहकमा हत्या गरिन्छ । माओवादीको आरोपमा पक्राउ गरिएका योद्धाहरूलाई पनि बेपत्ता पारिने, यातना दिने र हत्या गरिने गरेको यथार्थ प्रकट गरिएको छ । रबिलाई 'आत्म समर्पण गर' भनिन्छ तर आत्म समर्पण नगरेका कारण उसको हत्या गरिन्छ । महिलाहरू बलात्कृत भएका छन् भन्ने कुरा यस अभिव्यक्तिले स्पष्ट पार्छ-इज्जत लुट्नुभन्दा बरु हान छातिमा गोली । चिच्याउँदै अजिता सईको राक्षसी पञ्जाबाट फुत्कने प्रयास गर्दै थिई । तर केही लागेन आफूलाई जोगाउन ऊ विफल भई (ढकाल, वि.सं.२०६०) । सोझा गाउँलेहरू अनाहकमा मारिएका छन् । माओवादीको आरोप लगाएर जसलाई मारे पनि हुने, जसलाई यातना दिए पनि हुने, बिना कसुर वेपत्ता पारिने, महिलाहरूलाई बलात्कार पछि हत्या गरिने जस्ता राज्य व्यवस्थाले गरेको यातनाको बर्बर चरित्रलाई यस उपन्यासले उद्घाटन गरेको छ । यसरी यो उपन्यास राज्यको निरङ्कुश प्रवृत्तिलाई निकै प्रखरता र संवेदनापूर्ण किसिमले प्रतिबिम्बन गर्न सक्षम देखिन्छ ।

## सामन्तवादी तथा पुँजीवादी संस्कृतिको विरोध

*रातो आकाश* उपन्यासमा सामन्तवादी नेपाली समाजले निर्माण गरेका शोषणमूलक सामन्तवादी संस्कृतिको विरोध गरिएको छ । त्यसका साथै पाश्चात्य खुला संस्कृति, छाडातन्त्र लगायत पुँजीवादी उपभोक्तावादले निर्माण गरेका कुरूप सांस्कृतिक मूल्यहरूको पनि यसमा विरोध गरिएको छ । मुलुकको नयाँ र गतिशील यथार्थका सापेक्षतामा समाजवादी संस्कृतिको विकास हुनु पर्ने धारणा उपन्यासले व्यक्त गरेको पाइन्छ । समाजमा रहेको जातीय तथा लैङ्गिक विभेद, अन्धविश्वास, विकृति र विसङ्गतिका विरुद्ध उपन्यास लक्षित देखिन्छ । संस्कृति भनेको मानिसको जीवनका संवेदना जोडिएका हुन्छन् भन्ने तथ्यलाई राम्रोसँग बुझेका उपन्यासकार ढकालले मान्छेका इच्छा विपरीत संस्कृतिमा जथाभावी हस्तक्षेप गरिहाल्न नहुने धारणा समेत राखेका छन् । यही सन्दर्भमा उपन्यासमा लेखिएको छ, "बुझे बुझाएर मात्र परम्परा र संस्कारको परिवर्तन हुन सक्छ, बलजफ्ती हुन सक्दैन" (ढकाल, वि.सं.२०६०) । यसमा जनतालाई बुझाउँदै लग्नु पर्छ, जनताले बुझेपछि विस्तारै खराब संस्कृतिलाई छोडेर नयाँ, गतिशील वैज्ञानिक संस्कृतिलाई अँगाल्न पुग्छन् भन्ने धारणा प्रस्तुत गरिएको छ । उपन्यासमा पुँजीवादी मूल्य मान्यताका विरुद्ध इमान मार्फत यसरी आक्रोश पोखिएको छ, "पुँजीवादी मूल्यहरू हाम्रो जीवनका लागि मुर्दा बनि सकेका छन् र इतिहासले तिनलाई चिहानमा गाडि सकेको छ । चिहानमा यस अर्थमा कि तिनको जीवनमूल्य छैन" (ढकाल, वि.सं.२०६०) । पुँजीवादी संस्कृतिले समाजलाई विकृत मात्र पारेन, जीवन मूल्यमा नै ह्रास ल्याइदियो । मान्छेलाई वस्तुकृत गरिदियो र जीवन मेसिन जस्तो बन्यो । यसले मानवीय जीवनमा ठुलो सङ्कट पैदा गरिदियो भन्ने मान्यतालाई उपन्यासले व्यक्त गर्न खोजेको छ ।

विकृति सांस्कृतिका विरुद्धमा नवीन सांस्कृतिकको विकास यस उपन्यासमा गरिएको देखिन्छ । जातीय भेदभावलाई आर्थिक शोषणको एउटा आधार मान्दै वर्गीय विद्रोह नै शोषणको समूल अन्त्य गर्ने

अनिवार्य अस्त्र रहेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ (शर्मा, वि.सं.२०६६) । उपन्यासले सामन्तवादी संस्कृतिको पनि विरोध गरेको छ । नेपालीले राष्ट्रिय चाडका रूपमा मनाउने गरेको दसैंमा पनि जनावरको हत्या गरिने संस्कृति भएकाले अविरलले यस्तो संस्कृति नमाउने घोषणा गर्छ । आरतीलाई मान्छेका टाउकोका माला लगाएकी देवीको भयानक तस्वीर देखाउँदै दसैंका पछाडि मान्छेको रगत पिउने हत्या संस्कृति रहेको बताउछ (ढकाल वि.सं.२०६०) । उपन्यासले मानव समाजमा चाडपर्वको अस्तित्व आदिकालदेखि नै रहेको र पछिसम्म रहने कुरालाई उल्लेख गर्दै उत्पादन सम्बन्धको स्वरूपमा परिवर्तन हुँदै जाँदा चाडपर्वको स्वरूपमा पनि परिवर्तन हुने कुरा व्यक्त गरिएको छ । नयाँ गतिशील यथार्थका रूपमा अहिले दसैंका रूपमा मानिएको खुसियालीको क्षणलाई जनयुद्धको सुरुवात भएको दिन फागुन १ गतेका दिन खुसियालीका साथ मनाउन थालिएको कुरालाई प्रस्तुत गरिएको छ (ढकाल वि.सं.२०६०) यसरी पुरानो मूल्य र सन्दर्भमा नभएर नयाँ मूल्य र सन्दर्भमा रहनु पर्ने धारणा उपन्यासले व्यक्त गरेको छ । यसरी उपन्यासमा सामन्तवादी तथा पुँजीवादी संस्कृतिको विरुद्धमा नयाँ र प्रगतिशील संस्कृतिका पक्षमा सङ्घर्ष गरेको देखिन्छ ।

## महिला उत्पीडनको विरोध

*रातो आकाश* उपन्यासमा सामन्तवादी पितृसत्तात्मक समाजमा महिलामाथि हुने उत्पीडनको यथार्थलाई प्रस्तुत गर्दै महिला मुक्तिका पक्षमा आवाज उठाइएको छ । महिला मुक्ति आन्दोलनलाई पनि वर्गीय मुक्ति आन्दोलन सँगसगै अघि बढाउँनु पर्ने कुरामा जोड दिदै वर्गीय मुक्तिविना महिला मुक्ति सम्भव नभएको विचार व्यक्त गरिएको छ । उपन्यासमा नारीलाई मुक्ति सङ्घर्षका शक्तिशाली योद्धाका रूपमा र पुरुष समान अस्तित्वशाली रूपमा प्रस्तुत गरिएको छ (शर्मा, वि.सं.२०६६) । महिलामा जाग्दै गरेको नयाँ चेतनालाई उपन्यासले चित्रण गरेको छ । आरती हाँसीखुसी आफ्नो छोरालाई युद्धमोर्चामा पठाउँछे । त्यस्तै भरतकी श्रीमती पनि लोग्ने मर्दा आफूलाई असहाय मानेर रोइकराइ गर्दिन, बरु आफ्नो श्रीमान्ले न्यायका निम्ति हिडेको बाटोमा आफू पनि हिँड्ने दृढ सङ्कल्प गर्दै भन्छे- यो असह्य पीडाको बीचमा पनि सहिद पत्नी हुनुमा मलाई गर्व छ सहिद पत्नीको दायित्व मैले निभाउँछु । .... मैले पतिको बिचारलाई माया गर्छु र आदर्शलाई माया गर्छु र उहाँले हिँडेको बाटो पछ्याउँछु (ढकाल, वि.सं.२०६०) । यसरी जनयुद्धका क्रममा आफ्नो श्रीमान्को मृत्युमा शोक मानेर नबसी श्रीमान्को सपना साकार पार्न श्रीमान् हिँडेको बाटोमा हिंडेन तयार भएर मुक्तियुद्धमा सामेल हुने इच्छा प्रकट गरेकी छ । सामन्तवादी राज्यले जति दमन गर्छ त्यति नै रक्त बिज झैँ विद्रोहीहरू उम्रेर क्रान्तिलाई उत्सर्गमा पुऱ्याउन महिलाको पनि महत्त्वपूर्ण योदान छ भन्ने कुरा उपन्यासकी नारी पात्र भविसराले व्यक्त गरेका यी कुराबाट स्पष्ट हुन्छ- पापीहरू हो । अब नारीहरू ब्यूँझिसकेका छन् । गिरफ्तार, बलात्कार र हत्याले हाम्रो मनोबल टुटाउन सक्दैनौ । हाम्रो जिन्दगीलाई पतीत बनाउने व्यवस्थाको विरोधमा नउत्रेसम्म हाम्रो जीवनमा कहिल्यै उज्यालो घाम लाग्न सक्दैन (ढकाल, वि.सं.२०६०) । रविकी श्रीमती पनि युद्धमोर्चामा समाहित हुन पुग्छे । इमानकी श्रीमती कमलाले क्रान्तिकारी सहयोद्धाका रूपमा कार्य गरेकी छ । महिलाका यी क्रान्तिकारी कदमले उनीहरू पनि सहाशी योद्धा बन्ने सामर्थ्य राख्छन् भन्ने यथार्थलाई उपन्यासले प्रस्तुत गरेको छ। उत्पादन सम्बन्धमा पुरुषको एकाधिकार र स्वामित्वका कारण महिलाहरू उत्पीडित हुनु परेको यथार्थलाई उपन्यासले प्रकट गरेको छ । पुँजीवादी समाजमा महिलालाई वस्तुकरण उपभोगको साधन बनाइने र सामन्तवादी समाजमा महिलालाई बच्चा उत्पादन गर्ने साधनका रूपमा उपभोग गर्ने गरेको वास्तविकतालाई उजागर गर्दै र त्यसबाट मुक्ति पाउने प्रयास पनि उपन्यासका महिला पात्रले गरेको पाइन्छ । यसरी महिलामाथिको उत्पीडनसँगै तिनमा विकसित हुँदै गएको प्रतिरोध एवं क्रान्तिचेतको उदघाटन यस उपन्यासले गरेको देखिन्छ ।

### सामाज्यवादको विरोध

*रातो आकाश* उपन्यासले भारतीय विस्तारवादका साथै पुँजीवादी साम्राज्यवादको विरोधको पक्षमा विचार प्रस्तुत गरेको छ । कम्युनिस्टहरू अन्तर्राष्ट्रियतावादी हुन्छन् भन्ने भनाइलाई पुष्टि गर्दै उपन्यासमा राष्ट्रियता अन्तर्राष्ट्रियतावादको विरोध होइन, बरु पूरक हो भन्ने विचार प्रकट गरिएको छ । राष्ट्रियता मानिसको एक निश्चित भूभागमा सङ्गठित गरिराख्ने चेतना हो । अहिलेको युगमा राष्ट्रियता साम्राज्यवाद विरोधी चेतना पनि हो । राष्ट्रिय चेतनामा नपुगि अन्तर्राष्ट्रिय चेतनामा पुग्न सकिदैन भन्ने विचार भविसराले व्यक्त गरेकी छ- राष्ट्रियताको भवनाले अन्तराष्ट्रिय भावनालाई कुठाराघात गर्दैन र सर्वहारा वर्गको कुनै राष्ट्रियता हुँदैन भन्ने भनाई साँचो होइन र (ढकाल, वि.सं.२०६०) ? भविसराको यस भनाइमा सम्पूर्ण मानव जातिको मुक्तिको चेतना देखिन्छ । उत्पीडित समुदायलाई पनि राष्ट्रिय चेतनाका माध्यमबाट अन्तर्राष्ट्रिय चेतनासम्म पुऱ्याउनु पर्छ भन्ने विचार व्यक्त भएको छ । साम्राज्यवादी युगमा राष्ट्रियताको युद्ध स्वतन्त्र जीवनको अनिवार्य अङ्ग बनेको हुन्छ भन्ने कुरा उपन्यासमा व्यक्त गरिएको छ । सुगौली सन्धिदेखि नै नेपालीहरूमाथि दुर्भाग्यको पहाड खस्दै आएको कुरा उपन्यासमा उल्लेख गरिएको छ (ढकाल, वि.सं.२०६०) । उपन्यासमा शासकहरूले राष्ट्रघाती निर्णय गरी नेपालका सम्पदाहरू बिक्री गरेकोमा आक्रोश व्यक्त गरिएको छ । त्यसैले नेपाली जनताले साम्राज्यवादी नीतिका विरुद्धमा लड्नु पर्ने आवश्यकतालाई औंल्याएको छ ।

### निष्कर्ष

घनश्याम ढकालको *रातो आकाश* (वि.सं.२०६०) उपन्यास प्रगतिवादी चिन्तनमा आधारित उपन्यास हो । उपन्यासले वर्गीय विभेदका विरुद्धको मुक्ति आन्दोलनलाई उद्घाटन गरेको छ । यस उपन्यासले समाजमा सामन्तवादी तथा पुँजीपति वर्गले गरिब निमुखा सर्वहारा वर्गमाथि गरेका अत्याचारका विरुद्ध विद्रोह भाव प्रकट गरेको छ । यसमा सामन्तवादी राज्यव्यवस्था र निम्नवर्गीय शोषित बहुसङ्ख्यक जनताबिचको सशस्त्र सङ्घर्षको गाथा प्रस्तुत गएिरको छ । महान् जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई कलात्मक रूपमा पुनःसिर्जत गर्ने उद्देश्यबाट लेखिएको रातो आकाश उपन्यासमा नेपाली समाजको वर्गीय विभेदका विरुद्धमा जनताले गरेको सङ्घर्ष र गतिशील यथार्थको प्रतिबिम्बन पाइन्छ । जनयुद्धको समयमा कसरी प्रहरी प्रशासनबाट सोझा साझा जनतामाथि माओवादीको आरोपमा गरिने दमनलाई उपन्यासले यथार्थपरक ढङ्गले उद्घाटन गरेको देखिन्छ । पुँजीवादी उपभोक्तावादले निर्माण गरेका कुरूप सांस्कृतिक विरोधमा नयाँ र गतिशील यथार्थका सापेक्षतामा समाजवादी संस्कृतिको विकास हुनु पर्ने धारणा उपन्यासले व्यक्त गरेको पाइन्छ । उपन्यासमा सामन्तवादी पितृसत्तात्मक समाजमा महिलामाथि हुने उत्पीडनको यथार्थलाई प्रस्तुत गर्दै महिला मुक्तिका पक्षमा आवाज उठाइएको छ । उपन्यासले पुँजीवादी साम्राज्यवाद तथा विस्तारवादको विरोधको पक्षमा विचार प्रस्तुत गरेको स्पष्ट हुन्छ । नेपाली जनयुद्धको ऐतिहासिक औपन्यासिक दस्तावेजको रूपमा रहेको *रातो आकाश* उपन्यासमा अन्याय, अत्याचार र शोषणका विरुद्ध जनताले लडेको वर्ग सङ्घर्ष, महिला मुक्तिको पक्षमा सशक्त प्रतिरोध, तत्कालीन राज्य व्यवस्थाले सिर्जना गरेको आतङ्क, नेपाली जनतामा जाग्दै गरेको राष्ट्रियताको भावना जस्ता विषय उद्घाटन गरेको कुरा यस अध्ययनले स्पष्ट पारेको छ । समाजमा रहेका वर्गीय शोषण अन्त्यका लागि वर्ग सङ्घर्षको उच्चतम रूप जनयुद्ध हो भन्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची

कड्वेल, क्रिस्टोफर (ई.१९९०). *विभेद और यथार्थ.* (अनु. भगवान् सिंह). राजकमल प्रकाशन।

किरण, मोहन वैद्य (ई.२०७७), ढकाल रचित *रातो आकाश* : एक सङ्षिप्त समीक्षा, *मार्क्सवादी समालोचना,* शमी साहित्य प्रतिष्ठान ।

ढकाल, घनश्याम (वि.सं.२०६०), *रातो आकाश,* प्रगतिशील अध्ययन केन्द्र ।

बराल, ऋषिराज (वि.सं.२०४०), *प्रगतिवाद र नेपाली उपन्यास,* प्रभात जनसाहित्य परिवार ।

भट्टराई, रमेशप्रसाद (वि.सं.२०६७), नेपाली उपन्यासमा जनयुद्धको चित्रण, *प्रवर्तक,* १(१), १२७-१४९ ।

भ्ला. इ. लेनिन, (ई.१९४७), *साहित्यके बारेमे,* प्रगति प्रकाशन ।

माओत्सेतुङ (ई.१९७५), *सङ्कलित रचनाए,* (भाग-३), विदेशी भाषा प्रकाशन गृह ।

मार्क्स–एङ्गेल्स (ई.१९७८), *सङ्कलित रचनाएँ,* खण्ड १, भाग १, प्रगति प्रकाशन ।

रोहिताश्व (ई.१९९१), *मार्क्सवादी सौन्दर्य शास्त्रको भूमिका,* राधाकृष्ण।

लेनिन (ई.१९८४), *समाजवाद और संस्कृति,* (अनु. रमेश सिन्हा), इन्डिया पब्लिसर्स।

शर्मा, अमृता (वि.सं.२०६६), *नेपाली प्रगतिवादी उपन्यास,* विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

शर्मा, अमृता देवी (वि.सं.२०७४), *रातो आकाश* उपन्यास जनयुद्धजन्य यथार्थको उदात्तीकरण, *नेपाल प्राध्यापक सङ्घ.* इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।